# धारा III "खाद्य सुरक्षा" रद्द र प्रतिस्थापन गर्न:
# सार्वजनिक टिप्पणी अवधि उल्लेखनीय परिवर्तनहरूको संक्षिप्त विवरण र सारांश

स्वास्थ्य बोर्डले नोभेम्बर 3, 2021 मा धारा III को "खाद्य सुरक्षा" रद्द गर्न र प्रतिस्थापन गर्न दिइएको प्रस्तावका लागि 75 दिनको सार्वजनिक टिप्पणी अवधि स्वीकृत गरेको छ। सार्वजनिक टिप्पणी अवधि नोभेम्बर 12, 2021 देखि जनवरी 24, 2022 सम्म थियो। लिखित टिप्पणीहरू स्वीकार गर्नुका साथै, जनवरी 20, 2022 मा भएको भर्चुअल सार्वजनिक सुनुवाईमा मौखिक बयान पनि सङ्कलन गरिएको थियो। चौध जना सर्वसाधारण सदस्यले सुनुवाईको क्रममा मौखिक बयान दिए। टिप्पणी अवधिभर, ACHD र खाद्य सुरक्षा कार्यक्रमले खाद्य क्षेत्रका कुना-कुनाबाट टिप्पणी प्रोत्साहित गर्नका लागि आउटरिच कार्यक्रमहरू गर्‍यो। खाद्य क्षेत्रको विस्तृत श्रेणीले अन्ततः ब्रिक एण्ड मोर्टार खाद्य सुविधास्थल, मोबाइल भेन्डर, कार्यक्रम आयोजक, गैर-नाफामूलक सुविधास्थल, यातायात तथा डेलिभरी सेवा, पेशागत संस्था, नीति तथा शैक्षिक समूह र सर्वसाधारण जनताहरूको टिप्पणी पेश गर्‍यो।

सार्वजनिक टिप्पणी अवधिको अन्त्यमा, BOH ले दुवै लिखित र मौखिक बयानसँग गरेर 650 भन्दा बढी टिप्पणी प्राप्त गर्‍यो। ACHD ले सङ्कलन गरिएका 202 अद्वितीय टिप्पणीहरूबारे विचार गर्ने टिप्पणी र प्रतिक्रिया कागजातको मस्यौदा तयार पार्‍यो। विभागले सार्वजनिक टिप्पणीको प्रतिक्रियामा गरेका र जारी राख्ने कार्यवाहीहरूमा निम्न समावेश छन्:

- धारा III को प्रस्तावित भाषा संशोधन गर्ने।
- खाद्य सुविधा सञ्चालकहरूका लागि नयाँ मार्गदर्शन कागजातहरू सिर्जना गर्ने र प्रस्तावित परिवर्तनहरूसँग पङ्क्तिबद्ध गर्नका लागि विद्यमान मार्गदर्शनलाई संशोधन गर्ने।
- अन्तिम धारा III को कागजातको पठनीयतामा थप सुधार गर्ने र चयन गरिएका सर्वसाधारण जनताको पहुँचमा भएका सामग्रीहरूलाई सम्बन्धित भाषामा अनुवाद गर्ने लगायतका ठूलो पहुँचयोग्यताका लागि अवसरहरू पहिचान गर्ने।
- आन्तरिक नीति तथा प्रक्रियाहरू समीक्षा गर्ने र सुधार गर्ने।
- खाद्य सुरक्षा कार्यक्रमले धारा III मा अद्यावधिक पूरा गर्ने र धाराको क्षेत्रभन्दा बाहिरका समस्याहरूमा टिप्पणीहरू सम्बोधन गर्ने क्रियाकलापहरूलाई पनि अगाडि बढाइरहेको छ वा बढावा दिइरहेको छ, जसमा निम्न कार्यहरू समावेश छन्: शुल्क तालिका अद्यावधिक गर्ने, खाद्य उद्योगका सदस्यहरूका शैक्षिक पहुँच कार्यक्रम गर्ने, कार्यक्रमको वेबसाइट अद्यावधि गर्ने र आन्तरिक र बाह्य प्रयोगका लागि IT अद्यावधिक गर्ने।

तलको सारांशले धारा III को नयाँ मस्यौदामा पाइएका सबैभन्दा उल्लेखनीय प्रस्तावित भाषा परिवर्तनहरू उल्लेख गर्दै यीमध्ये पहिलो कार्यवाहीलाई दर्शाउँछ। प्रस्तावित धारा III को संशोधन कागजातसँग सम्बन्धित पेज नम्बरहरू।

## <u>सार्वजनिक टिप्पणीको प्रतिक्रियामा मस्यौदा तयार पारिएका उल्लेखनीय परिवर्तनहरू:</u>

§302 <u>खाद्य अनुमतिहरू</u>: वर्गीकरण र अनुमतिको अधीनमा रहेका गैर-नाफामूलक/सामुदायिक समूहहरू उल्लेख गर्ने भाषालाई "सामान्य" बाट "शुल्क" उपखण्डमा सारिएको छ। यो परिवर्तनले गैर-नाफामूलक स्थितिले अनुमति र योजना शुल्कमा प्रभाव पार्न सक्छ तर यो वर्गीकरणका लागि निर्धारक कारक होइन भन्ने कुरालाई प्रतिबिम्बित गर्छ। **पृष्ठ 5**

§304 <u>खाद्य सुविधास्थलका लागि योजना र आवेदनहरू</u>: समान वस्तुसँग उपकरणको प्रतिस्थापन वा पूरै कस्मेटिक प्रकृतिका परिवर्तनहरू योजना समीक्षाको अधीनमा छैनन् भनेर स्पष्ट पार्नका लागि भाषा थपिएको थियो। **पृष्ठ 8**

§305 <u>निरीक्षणहरू</u>: अनियमित आधारमा सञ्चालन हुने खाद्य सुविधास्थलहरूले विभागलाई सञ्चालनको नियोजित वा अपेक्षित मिति उपलब्ध गराउने आवश्यकतानुसार स्पष्ट भाषा थपिएको छ। **पृष्ठ 10**

# धारा III "खाद्य सुरक्षा" रद्द र प्रतिस्थापन गर्न:
# सार्वजनिक टिप्पणी अवधि उल्लेखनीय परिवर्तनहरूको संक्षिप्त विवरण र सारांश

§310 भाडाकुँडाको व्यवस्थापन र भण्डारण: **उपखण्ड 310.4 "फिर्ता गर्न मिल्ने वस्तुहरू" थपियो।** उपखण्डले फिर्ता गर्न मिल्ने वस्तुहरूका लागि सरसफाइ, स्थायित्व र निर्माण आवश्यकताहरू उल्लेख गर्दछ र यो FDA खाद्य संहिताको भाषाअनुसार हुन्छ। **पृष्ठ 16**

§311 उपकरण र भाडाकुँडाको सरसफाइ र स्वच्छता: **उपखण्ड 311.5 "वैकल्पिक म्यानुअल सरसफाइ र स्वच्छता" थपियो।** उपखण्डले तीन-कम्पार्टमेन्ट सिङ्क वा डिशवाशरमा धुन अनुपलब्ध वा अव्यावहारिक हुँदा स्वीकृत प्रक्रियाहरू प्रदान गर्दछ। सार्वजनिक टिप्पणीको प्रतिक्रियामा यो उपखण्ड र खण्डका अन्य स्पष्ट भाषा थपिएको थियो। FDA खाद्य संहिताको भाषालाई सन्दर्भद्वारा आवश्यकताहरू अपनाउनुको सट्टामा सिधै पाठमा राख्नका लागि उपखण्ड 311.2 "सरसफाइको आवृत्ति" संशोधन गरिएको थियो। **पृष्ठ 21**

§316 खाद्य सुविधास्थलहरूमा जनावरहरू: खाद्य सुविधास्थलका बाहिरी क्षेत्रहरूमा घरपालुवा जनावरका लागि विभागसँग स्वीकृति लिनु पर्ने आवश्यकतालाई प्रतिबिम्बित गर्नका लागि खण्ड 316.1 संशोधन गरिएको थियो। खण्ड 316.2 "घरपालुवा जनावर-मैत्रीपूर्ण क्षेत्रहरू" लाई प्रस्तावित नियमनबाट हटाइएको छ र PA कृषि विभागका आवश्यकताहरूसँग मिल्दोजुल्दो भएका यसका प्रावधानहरूलाई खाद्य सुविधा सञ्चालकहरूका लागि आन्तरिक घरपालुवा जनावर-मैत्रीपूर्ण स्वीकृति प्रक्रिया र बाह्य मार्गदर्शन कागजातमा समावेश गरिने छ। **पृष्ठ 25**

§321 प्लम्बिङ: विभागसँग अग्रिम स्वीकृति लिएपछि दुई-कम्पार्टमेन्टका सिङ्कहरू प्रयोग गर्ने आवश्यकताहरूलाई प्रतिबिम्बित गर्नका लागि खण्ड संशोधन गरिएको थियो। **पृष्ठ 29**

§325 प्रमाणित खाद्य सुरक्षा व्यवस्थापकहरू: खण्ड 302.3 (D) मा उल्लिखित गैर-नाफामूलक/सामुदायिक समूहहरूलाई खाद्य कर्मचारी प्रमाणीकरण ऐनका अनुसार प्रमाणित खाद्य सुरक्षा व्यवस्थापक आवश्यकताबाट छुट दिइएको छ भनेर प्रतिबिम्बित गर्नका लागि अद्यावधिक गरिएको हो। **पृष्ठ 32**

§332 खाद्य भण्डारण: "होमोजेनस लिक्विड फर्ममा TCS खाना" लाई स्पष्टता र पठनीयताका लागि 332.3 (C) बाट उपखण्ड 332.5 मा सारिएको थियो। उपखण्ड 332.6 "खानाको मिति चिन्ह" लाई लेबुलिङभन्दा फरक क्रियाकलापहरू स्पष्ट पार्नमा सहायता गर्नका लागि विस्तार गरिएको थियो र यसमा फ्रिजमा राख्ने र जमाएर राख्ने खानेकुरा दुवैको जानकारी समावेश छन्। **पृष्ठ 41**

§333 खाद्य तयारी: **उपखण्ड 333.9 "खानाका लेबुलहरू" थपियो।** यो खण्डको उद्देश्य भनेको मिति चिन्ह र लेबुलिङ बीच हुने सामान्य भ्रमलाई सम्बोधन गर्नु हो र यसको भाषा FDA खाद्य संहितासँग पङ्क्तिबद्ध छ। **पृष्ठ 48**

§334 खाद्य प्रदर्शन तथा सेवा: **उपखण्ड 334.3 "खानाको डेलिभरी" थपियो।** उपखण्डले डेलिभरी सेवा प्रयोग गर्ने वा उपभोक्ताहरूलाई सिधै डेलिभर गर्ने खाद्य सुविधास्थलहरूका जिम्मेवारीहरूका बारेमा विस्तृत विवरण दिन्छ। उपखण्डले धारामा परिभाषित गरिएका डेलिभरी सेवाहरूको खाना धाराको दायराभन्दा बाहिर पर्छ भन्ने कुरालाई पनि स्पष्ट पार्छ। **पृष्ठ 50**

§335 खाद्य दान: संशोधित पठनीयता उपलब्ध गराउन र खण्डलाई बिल एमर्सन ऐन र PA खाद्य दान सीमित दायित्व ऐनसँग थप पङ्क्तिबद्ध गर्नका लागि पूरै संशोधनहरू गरिएका थिए। दाताहरूसँग अन्तिम-प्रयोगकर्ता अभिप्रायको ज्ञान हुनु पर्ने भाषालाई हटाइएको थियो र उपखण्ड 335.6 "दान गरिएका खानाहरू प्राप्त गर्ने" थपिएको थियो। **पृष्ठ 52**

# धारा III "खाद्य सुरक्षा" रद्द र प्रतिस्थापन गर्न:
# सार्वजनिक टिप्पणी अवधि उल्लेखनीय परिवर्तनहरूको संक्षिप्त विवरण र सारांश

| | |
|---|---|
| §336 खाद्य यातायात: संशोधित पठनीयता उपलब्ध गराउन र यातायात र डेलिभरी बीचको भिन्नता छुट्याउनका लागि पूरै संशोधनहरू गरिएका थिए। | **पृष्ठ 53** |
| §332 प्रभावकारी मिति: **प्रभावकारी मिति थपिएको थियो।** | **पृष्ठ 70** |
| §353 परिभाषाहरू: दुई क्रियाकलापहरू बीचको भिन्नता छुट्याउन सहायता गर्नका लागि **डेलिभरी** र **यातायात**का परिभाषाहरू थपिएका थिए। **कम**, **मध्यम** र **उच्च जोखिम तत्त्वहरू**का लागि पूर्ण विवरणहरू थपिएका थिए। खा**द्य तयारी** र **प्याकेजिङ**का परिभाषाहरू स्पष्टताका लागि संशोधन गरिएका थिए। | **पृष्ठ 70** |
| §354 टेबलहरू: धारामा उल्लेख गरिएका तालिकाहरूको उद्धरणमा एकरूपता दिन र तिनीहरूलाई एउटै निर्धारित स्थानमा राखेर पठनीयतामा सहज गराउनका लागि निजी खण्ड दिइएको थियो। | **पृष्ठ 83** |

**रातो रेखामा दिइएको प्रस्तावित धारा III संशोधन कसरी पढ्ने:**

| | |
|---|---|
| प्लेन टेक्स्ट | मौलिक धारा III बाट परिवर्तन नगरिएको भाषा |
| ~~स्ट्राइकथ्रू टेक्स्ट~~ | मौलिक धारा III बाट हटाउनका लागि प्रस्ताव गरिएको भाषा |
| **बोल्ड र अन्डरलाइन गरिएका पाठ** | धारा III मा थप्नका लागि गरिएको प्रस्ताव गरिएको भाषा। यसमा संशोधित भाषाका साथै नयाँ सामग्री समावेश छ। |
| ~~रातो स्ट्राइकथ्रू टेक्स्ट~~ | सार्वजनिक टिप्पणी अवधि समाप्त भएपछि मौलिक धारा III बाट हटाउनका लागि प्रस्ताव गरिएको भाषा |
| **रातो बोल्ड र अन्डरलाइन गरिएका पाठ** | सार्वजनिक टिप्पणी अवधि समाप्त भएपछि मौलिक धारा III मा थप्नका लागि प्रस्ताव गरिएको भाषा। यसमा संशोधित भाषाका साथै नयाँ सामग्री समावेश छ। |